SONAPUR
MINERALS AND OIL LTD.

Head Office
P.O.Box: 20499, House No.: 124,
Trikuti Marg, Battisputali- 9,
Kathmandu, Nepal
Tel: +977-1-4478028, 4483102
Email: admin@sonacement.com

REGD : 239081/064/065

Cement Factory
Tulshipur-18, Dang
Tel: +977-82-423002

मितिः २०८१/०९/०५

श्रीमान्‌ कार्यालय प्रमुखज्यू
नेपाल धितोपत्र बोर्ड ।

**विषयः १७ औं वार्षिक साधारण सभा गरिने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको सचालक समितिको मिति २०८१/०९/०५ गते दिन बेलुकाको ४:०० बजे बसेको बेठको निर्णय बमोजिम कम्पनिको १७ औं (आ.व.२०८०/२०८१) वार्षिक साधरण सभा मिति २०८१/०९/२९ तदअनुसार जनवरी १३, २०२५ को दिन बिहान १०.३० बजे बोलाइएको व्यहोरा अनुरोध छ । साधरण सभा गर्ने प्रयोजनको लागी मिति २०८१/०९/१६ गते एक दिनका लागी शेयर दाखिला बन्द (Book Close) रहने व्यहोरा समेत अनुरोध छ । साथै १७ औं वार्षिक साधारण सभा बोलाउने सम्बन्धी सूचना मिति २०८१/०९/०७ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्न लागिएको हुँदा सोको नमुना प्रति समेत यसै साथ पेश गरेका छौं ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समयः**

मितिः २०८१ साल पोष २९ गते सोमबार

समयः बिहानको १०:३० बजे

स्थानः लिजारा रिसेपसन्स (Lisara Receptions) नक्साल, काठमाडौं

**बोधार्थः**
श्री नेपाल स्टक एक्सचेन्ज लि.
श्री सिडिएस एण्ड क्लियारिङ्ग लि.

SONAPUR MINERALS AND OIL LIMITED KATHMANDU NEPAL

भवदीय,

..............................
श्री निपेश तायल
प्रबन्ध संचालक

SONAPUR
MINERALS AND OIL LTD.

# सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड
# SONAPUR MINERALS AND OIL LIMITED

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ०५, बत्तीसपुतली काठमाडौं नेपाल
फोन नं.: +९७७-१४५७८०२८

उद्योगको ठेगानाः- तुल्सीपुर-१८, दाङ्ग, नेपाल | फोन नं.: +९७७-८२४२३००४
Email: admin@sonacement.com Website: www.sonacement.com

## १७औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

आदरणिय, शेयरधनी महानुभावहरु,

सोनापुर मिनरल्स एण्ड आयल लिमिटेडको मिति २०८१ साल पौष ५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा यस कम्पनीको १७ औं वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय**

मिति : २०८१ साल पौष २९ गते सोमबार (तदनुसार १३ जनवरी २०२५) ।
समय : बिहान १०: ३० बजे ।
स्थान : लिजारा रिसेप्सन (LISARA RECEPTIONS), नक्शाल, काठमाण्डौ ।

**छलफल गर्ने विषयहरु**

**(क) सामान्य प्रस्तावहरु**

१. आ.व. २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासँग तथा यसै संस्थासँग सम्बद्ध कम्पनीसँग गरेको कारोबार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
५. संस्थापक शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद-४(चार)को निर्वाचन गर्ने ।

**(ख) बिशेष प्रस्तावहरु :**

१. कम्पनीको नियमावलीको नियम १६ मा संशोधन गर्ने ।
२. नियमावली संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।
३. कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रिरिजर्भ)को जम्मा रकम भन्दा बढीको विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋृण रकम अनुमोदन गर्ने सम्बन्धमा ।

**ग. विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी :**

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सभामा भाग लिन आउँदा आफनो परिचय खुल्ने कागजात, प्रवेश-पत्र वा आफ्नो शेयर प्रमाण-पत्र वा DEMAT ACCOUNT STATEMENT लिई आउनु हुन अनुरोध गरिन्छ ।
२. साधारण सभा भाग लिने प्रयोजनका लागि मिति २०८१/०९/१६ गते मंगलवार एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०८१/०९/१५ सम्म कारोबार भई शेयर खरीद गरी आफनो नाममा शेयर नामसरी भई आएका शेयरधनीहरुको सो सभामा भाग लिन सक्ने छन् ।
३. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् मिति २०८१ पौष २६ गते अपरान्ह ४:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । एक जना शेयरधनीले एक जना भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्ने छैन । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नु हुनेछ । तर मतदान गर्न पाउनु हुने छैन ।
४. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ ।
५. संस्थापक शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन सम्बन्धि कार्यक्रम निर्वाचन समितिले तोके बमोजिम हुनेछ र सो सम्बन्धि सूचना बार्षिक साधारण सभा हुनु भन्दा ७ (सात)दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
६. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभाकक्षमा उपस्थित भई दिनहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।
७. साधारणसभाको काम कारवाही तथा अन्य कार्यविधि कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।
८. बार्षिक साधारण सभा तथा सञ्चालकको निर्वाचन सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

SONAPUR MINERALS AND OIL LIMITED ★ KATHMANDU NEPAL